गाउँसभाको बैठकमा

गाउँपालिका उपाध्यक्ष श्री पुष्पा कुमारी श्रेष्ठ लौगीज्यू द्धारा प्रस्तुत

आ.व. २०८३।०८४ को

# बार्षिक नीति कार्यक्रम तथा बजेट

रुपनी गाउँपालिका

## गाउँ कार्यपालिकाको कार्यालय

रुपनी, सप्तरी

मधेश प्रदेश, नेपाल

"सुन्दर, सुशासित र समृद्ध रुपनी, साकार पार्न अग्रसर छु म पनि"

आदरणीय गाउँसभाका सभाध्यक्ष ज्यू,

प्रमुख अतिथि, विशिष्ट अतिथि ज्यूहरु,अतिथि ज्यूहरु,उपस्थित सम्पूर्ण सभाका सदस्य ज्यूहरु,प्रमुख प्रशासकीय अधिकृतज्यू लगायत सबै राष्ट्रसेवक कर्मचारीहरु, पत्रकार, सुरक्षाकर्मी, बुद्धिजीवी, समाजसेवी, नागरिक समाज एवं राजनीतिकर्मीहरु सबैमा यस रुपनी गाउँपालिकाको नवौं गाउँसभामा आ.व. ०८३/०८४ को निति, योजना तथा कार्यक्रम प्रस्तुतिकरण समारोहमा उपस्थित सम्पूर्ण महानुभावहरुमा रुपनी गाउँपालिकाको तर्फबाट हार्दिक स्वागत गर्दछु ।

जनआन्दोलन, सशस्त्र जनयुद्ध, मधेश आन्दोलन, जेन जी आन्दोलन लगायत संघीय लोकतान्त्रिक गणतन्त्रात्मक व्यवस्था स्थापित गराउने सन्दर्भमा नेपाली नागरिकको स्वतन्त्रता प्राप्तिका लागि विभिन्न कालखण्डमा आफ्नो प्राण आहुती दिनु हुने सम्पूर्ण ज्ञात अज्ञात सहिदहरु प्रति भावपूर्ण श्रद्धान्जली अर्पण गर्दछु। साथै घाइते वेपता नागरिक प्रति सम्मान प्रकट गर्दछु । न्यायपूर्ण समाज निर्माण गर्न र रुपनी गाउँपालिकालाई समृद्धिको मार्गमा डोर्याउन सहयोग गर्नुहुने सम्पुर्ण नागरिकहरु प्रति उच्च सम्मान व्यक्त गर्न चाहन्छु ।

रुपनी गाउँपालिकाको आर्थिक वर्ष ०८३/०८४ को नीति तथा कार्यक्रम नेपालको संविधानको अनुसुची ८ मा रहेको स्थानीय तहको अधिकार , नेपाल सरकारको नीति तथा कार्यक्रम, विभिन्न दीर्घकालीन क्षेत्रगत नीतिहरु, मधेश प्रदेश सरकारको नीति तथा कार्यक्रम, रुपनी गाउँपालिकाको आवधिक योजना, रुपनी गाउँपालिकाको नीति तथा कार्यक्रम तर्जुमाका लागि प्राप्त गरेका सुझावहरुलाई प्राथमिकतामा राखी रुपनी गाउँपालिकाको समृद्धि हासिल गर्ने दिशामा परिलक्षित गरिएको छ ।

यस नीति तथा कार्यक्रमले मानवीय क्षमता विकास, पूर्वाधार निर्माण, उद्दमशीलता र कृषि, स्वास्थ्य, शिक्षा रोजगारी अभिवृद्धि, गरिबी न्युनीकरण, दीगो विकास, पर्यावरण संरक्षण तथा सुशासनको प्रत्याभूतिलाई प्राथमिकतामा राखेको छ । विगतका नीति तथा कार्यक्रमहरुको समीक्षा गर्दै आगामी वर्षभित्र कार्यान्वयन गर्न सकिने र ठोस नतिजा प्राप्त हुने कार्यक्रमहरुलाई निरन्तरता दिईनेछ ।

आदरणीय सभा सदस्य ज्यूहरु,

अब म आर्थिक वर्ष ०८३/०८४ का लागि रुपनी गाउँपालिकाको समृद्धिको मार्गचित्र समेटी तयार गरिएको क्षेत्रगत नीति तथा कार्यक्रम प्रस्तुत गर्ने अनुमति चाहन्छु ।

## १. आर्थिक विकास

### १.१ कृषि तथा पशुपंक्षी विकास सम्बन्धी नीति

- समयमा पर्याप्त परिमाणमा गुणस्तरीय मलखाद तथा बीउ/बेर्ना उपलब्धताका लागि समुह र सहकारी मार्फत अनुदानका कार्यक्रमहरु संचालनका लागि पहल गरिनेछ।
- प्रांगारिक कृषि खेती तर्फ आकर्षित गर्न माटो सुधार, माटो परिक्षण, कम्पोष्ट मल उत्पादन गरिनेछ ।
- कृषकहरुलाइ धान,गंहूको गुणस्तरीय विउ ५०% प्रतिशत अनुदानमा उपलब्ध गराई कृषि उपज उत्पादन वृद्धिमा जोड दिइनेछ ।विउविजन उत्पादनको लागि कृषकहरुको लागि आवश्यक कार्यक्रम संचालन तथा कृषक पाठशाला संचालन गरिनेछ ।
- पकेट कार्यक्रम मार्फत चक्लाबन्दी खेति र सामुहिक खेति प्रणालीलाई प्राथमिकता दिई कृषि उत्पादन र उत्पादकत्व वृद्धि तथा कृषि उपज बजारीकरणलाई सहजीकरण र नियमन तथा कोल्ड स्टोरेज निर्माणको लागि जोड दिइनेछ ।

- मागको आधारमा कृषि उपज संकलन केन्द्र तथा स-साना हाट बजारको स्तरोन्नति गरिनेछ।
- अत्यधिक रुपमा प्रयोग हुदै आएको रसायनिक विषादीलाई निरुत्साहित गरी जैविक विषादीको प्रयोगमा जोड दिदै अर्गानिक खेती (Organic Farming) लाई जोड दिइनेछ ।
- उद्दमशीलता विकास र स्वरोजगार प्रवद्र्धनद्धारा कृषिमा युवाहरुको आकर्षण बढाउने नीति लिईनेछ ।
- कृषि क्षेत्रको उत्पादन र उत्पादकत्व बृद्धिका लागि आधुनिकीकरण, यान्त्रिकीकरण तथा व्यवसायीकरण कार्यलाई निरन्तरता दिईनेछ ।
- पशुजन्य रोगहरुको मेडिकल उपचार, माईनर सर्जिकल उपचार तथा विभिन्न किसिमका रोगहरुको उपचार गर्नका लागि औषधी खरिद गरिनेछ ।
- पशु आहारको लागि सिजन अनुसारको घाँस बीउँ (हिउँदे घाँस, वर्षे घाँस, बहुवर्षे घाँस तथा विरुवा) वितरण कार्यलाई निरन्तरता दिईनेछ ।
- माछापालन गर्ने कृषकहरुलाई अनुदानको व्यवस्था गरिनेछ ।
- खाद्य तथा तरकारी उत्पादन बृद्धि गर्न खेतीयोग्य क्षेत्रमा सिंचाई सुविधा विस्तार गर्दै जाने नीति लिईनेछ। सम्भाव्यता हेरी बोरिङ⁄डिप बोरिङ सिंचाई प्रणालीको विकासलाई जोड दिईनेछ ।
- भुमीको वर्गीकरण गरी कृषी भुमीलाई खण्डीकरण हुन बाट जोगाइनेछ ।
- पशु स्वास्थ्यलाई मध्यनजर गर्दै निःशुल्क पशु स्वास्थ्य शिविर,बाझोपन निवारण शिविर संचालन गरिनेछ।
- कृषकहरुको वर्गीकरण गरी कृषकहरुलाई बर्गीकरणका आधारमा परिचयपत्र वितरण गरिनेछ ।
- कृषि प्रयोजनमा प्रयोग भईरहेको कृषि विद्युत मिटरको विल भुक्तानीलाई निरन्तरता दिइनेछ । कृषि तारपोल, विद्युत पुर्वधार निर्माण सुधार तथा वितरण लागी साझेदारी मार्फत कार्य गरिने छ ।
- प्रत्येक किसानहरुको लागि स्मार्ट मिटरको व्यवस्थापन गरिनेछ ।
- कृषि मिटर गाउँपालिकाबाट जडान गरी सम्पूर्ण किसानका लागि कृषि मिटर बापतको बिल गाउँपालिकाबाट भुक्तानी गरिनेछ तथा दलितहरुको लागि घर मिटर निःशूल्क उपलब्ध गराइनेछ ।
- कृषि क्षेत्रलाई विशेष पकेट क्षेत्र अन्तर्गत एक बाली प्रवर्धन कार्यक्रमलाई प्रोत्साहन गरिनेछ ।

**९.२ उद्यम विकास सम्बन्धी नीति**

- व्यवसाय सिर्जना, उद्दमशीलता विकास, प्रविधि हस्तान्तरण तथा बजारीकरणका लागि गरिबीको रेखामुनी रहेको नागरिकहरुको लागि लक्षित आवश्यक क्षमता अभिवृद्धिका कार्यक्रमहरु संचालन गरिनेछ ।
- स्थानीय श्रम, सीप र प्रविधिमा आधारित उधोग व्यवसायको स्थापना एवं संचालनमा प्राथमिकतादिईनेछ ।
- सिपमूलक तालिमलाई प्रोत्साहन गरी घरेलु उद्योग संचालन गरिनेछ ।
- आ.व. २०८३/०८४ असोज मसान्त सम्ममा गाउँपालिकामा व्यवसाय दर्ता गर्न आउनेको लागि ५०% छुट र महिला उद्यमीहरुको लागि हरेक महिना २५% छुट गरिनेछ ।

**९.३ पर्यटन सम्बन्धी नीति**

- गाउँपालिका क्षेत्रभित्र रहेका पर्यटकीय स्थलहरु (शनिदेव मन्दिर, रुपनी देवी मन्दिर, कोइली दह, मानपुरदास रामजानकी मन्दिर, दीनाभद्री मन्दिर ,सबै वडाका राजाजी डिहबार बाबा लगायत भगवती मन्दिरको धार्मिक तथा सांस्कृतिक पक्षलाई उजागर गर्दै पर्यटकीय क्षेत्रको रुपमा विकास गर्दै लगिनेछ ।
- स्थानीय धार्मिक पर्यटकीय स्थलहरुको संरक्षण, सेवा सुविधाको बिकास र बिस्तार गरी पर्यटन प्रवद्र्धन गरिनेछ ।
- स्थानीय भाषा,साहित्य कला र संस्कृतीको अभिलेखीकरण गरी प्रचार प्रसार र प्रवर्द्धन गर्न साहित्यिक सम्मेलन,गोष्ठी,सडक नाटक जस्ता कार्यक्रम सञ्चालन गर्न आवश्यक व्यवस्था मिलाइनेछ ।

**९.४ सहकारी सम्बन्धी नीति**

- आर्थिक विकास र गरिवी निवारणका लागि सहकारी क्षेत्रलाई उधमशिलता ,उत्पादन र रोजगारीसँग आबद्ध गरिनेछ ।
- सहकारी संस्थाहरुको क्षमता अभिबृद्धिका लागि विभिन्न कार्यक्रमहरु संचालन गरि सहकारी संस्थालाई समुदायमा आधारित र सदस्य केन्द्रित बनाउन पहल गरिनेछ ।
- सहकारीलाई विपन्न समुदाय सम्म विस्तार गरि महिला तथा सिमान्तकृत वर्गमा समेत सहकारीको पहुच सुनिश्चित गर्दै कम्तिमा एक घर एक सदस्यको नीति अबलम्बन गरिनेछ ।
- सहकारी प्रवर्धन र नियमनमा संलग्न सबै निकायहरु संग कार्यमूलक समन्वय कायम गर्दै सहकारी संस्थाहरुको नियमित अनुगमन कार्यलाई निरन्तरता दिइनेछ ।
- सहकारी संस्थाहरुको एकीकरण कार्यलाई विशेष प्राथमिकता दिइनेछ।
- गाउँपालिका भित्रका सहकारीहरुको अवस्था एकिन गर्न सर्वेक्षण गरिनेछ ।

### १.५ रोजगारी सम्बन्धी नीति

- गरिवी न्यूनीकरण तथा रोजगारीको अवस्था वृद्धि गर्न आवश्यक रणनिति बनाइनेछ ।
- प्रधानमन्त्री स्वरोजगार कार्यक्रमलाई सशक्त ढंगबाट संचालन गरी पालिकाबाट संचालन गरिने विकास निर्माणका कार्यहरु श्रममुलक, जनसहभागितामुलक, बेरोजगार रहेका र बैदेशिक रोजगारीबाट फर्किएकाहरुको परिचालन गरी रोजगारीको अवसर सिर्जना गरिनेछ ।
- गाउँपालिकामा संचालित संघ, प्रदेश र स्थानीय तहका योजनामा आवश्यक श्रमिक उपलब्ध भएसम्म *रोजगार सेवा केन्द्रमा सुचीकृत बेरोजगार व्यक्तिहरुबाट नै काममा लगाउने व्यवस्था गरिनेछ ।*
- संघ तथा प्रदेश सरकारले ल्याएका रोजगारमुलक कार्यमा अपनत्व कायम गर्दै रोजगारीका क्षेत्र विस्तार गरिनेछ ।
- स्थानीय स्तरमा रोजगारी सिर्जना गर्न सरोकारवाला निकाय, निजी, सहकारी तथा गैह्रसरकारी क्षेत्रसँग समन्वय र सहकार्यमा जोड दिईनेछ ।
- रोजगार सेवा केन्द्रको संचालन तथा व्यवस्थापन थप प्रभावकारी बनाउनका लागि उचित बजेटको व्यवस्था गरिनेछ ।
- राष्ट्रिय रोजगार प्रवर्द्धन कार्यक्रम अन्तर्गत संघबाट प्राप्त शसर्त रकम स्वीकृत गर्दे कार्यक्रमलाई थप प्रभावकारी बनाउन प्रत्येक बडामा रोजगार कार्यक्रम सँग साझेदारी रकम छुट्याईने छ।
- सार्वजनिक,निजी र सहकारी क्षेत्रसंग समन्वय र सहकार्य गरि रोजगारीका अवसरहरु सिर्जना गरिने छ।
- वैदेशिक रोजगारीमा गएका व्यक्तिहरुको परिवारका सदस्यहरुको क्षमता अभिवृद्धि गरि उद्यमशिलता प्रवर्द्धन गरिने छ।
- वैदेशिक रोजगार (डाटा संकलन,क्षतिपुर्ति,श्रम स्वीकृति,उद्धार) सँग सम्बन्धित कार्यहरुलाई थप प्रभावकारी बनाईनेछ।
- शिक्षित,गरीब,युवा,महिला,वेरोजगार,विपन्न वर्ग,अपाङ्गता भएका व्यक्तिहरुमा रोजगारी र आत्मनिर्भरता बढाउन पालिकाबाट संचालन गरिने उद्यमशिलतामा आधारित स्वरोजगारमूलक सीप तालिमहरु संचालन गरिनेछ।

## २. सामाजिक विकास क्षेत्र

### २.१ शिक्षा सम्बन्धी नीति

- विद्यालयहरुमार्फत आ-आफ्नो सेवा क्षेत्रभित्रका विद्यालय बाहिर रहेका विद्यालय उमेर समुहका बालबालिकाहरुको तथ्यांक संकलन गराई सरोकारवालाहरुको सहभागितामा सबै बालबालिकाहरुलाई विद्यालयमा भर्ना गराईनेछ ।

- सामुदायिक विद्यालयहरुप्रति अभिभावकको विश्वास बढाउन र समुदाय-विद्यालयबीच सम्बन्ध सुधार गर्न अभिभावक शिक्षा तथा शैक्षिक अन्तरक्रिया संचालन गरिनेछ ।
- विद्यालयको भौतिक पक्ष सुदृढ बनाउन भौतिक पूर्वाधार न्युन भएका विद्यालयहरुमा भौतिक सुविधा विस्तार गरिनेछ ।
- विद्यालयमा सुविधा सम्पन्न पुस्तकालय र प्रयोगशाला स्थापना गरी पठन संस्कृतिको विकास गरिनेछ
- गाउँपालिकाभित्र रहेका १५ देखि ६० वर्षसम्मका व्यक्तिहरुको नामनामेशी संकलन गरी सबै वडामा साक्षरता कार्यक्रम संचालन गरिनेछ ।
- गाउँपालिकामा उच्च शिक्षा संचालनका लागि शैक्षिक संस्था स्थापना, प्राविधिक धारको विद्यालय संचालन र नमुना विद्यालय विकासका लागि संघ र प्रदेश सरकारलाई सिफारिस तथा पहल गरिनेछ।
- विधार्थी संख्याको अनुपातमा शिक्षक दरबन्दी कम भएका विद्यालयहरुलाई शिक्षक व्यवस्थापन गर्न एकमुष्ट अनुदान रकम उपलब्ध गराईनेछ ।
- विद्यालय सुधार योजनालाई विद्यालयको सेवा प्रवाहसँग जोडदै सामाजिक परीक्षण र आर्थिक लेखा परीक्षणलाई प्रभावकारी बनाईनेछ ।
- शिक्षण सिकाईमा सुधार ल्याउन शिक्षकहरुलाई मागमा आधारित तालिम संचालन गरिनेछ ।
- अनुगमन तथा सुपरिवेक्षण कार्यलाई प्रभावकारी बनाउदै गुणस्तरीय शिक्षालाई सुनिश्चित गरिनेछ ।
- विद्यालयहरुमा शिक्षक कर्मचारीहरुबाट समयको परिपालना, नियमितता, विद्यालयमा शिक्षक, कर्मचारीहरुको उपस्थिती प्रभावकारी बनाउने प्रयोजनका लागि विद्युतीय ई– हाजिरको निरन्तरता दिईनेछ ।
- सामुदायिक विद्यालयबाट माध्यमिक शिक्षा परीक्षा (एस.ई.ई.) मा उत्कृष्ट विधार्थीहरुलाई पुरष्कृत र सम्मान गरिनेछ । साथै त्यस्ता विधार्थीहरुलाई उच्च शिक्षा अध्ययनका लागि प्रोत्साहन गरिनेछ ।
- विद्यालयको संचालन, रेखदेख र व्यवस्थापनमा उत्कृष्ट गर्ने व्यवस्थापन समितिलाई, पेशा प्रति निष्ठावान भई पदीय दायित्व निर्वाह गर्ने शिक्षकहरु मध्येबाट सूचकगत आधारमा उत्कृष्ट छानिएका शिक्षकहरुलाई एवं समाज सेवामा उत्कृष्ट कार्य गर्ने व्यक्तिलाई सम्मान तथा सर्वोत्कृष्ट नतिजा प्राप्त गर्ने बिद्यार्थीहरुलाइ पुरस्कार तथा सम्मान गर्ने नीतिलाई अंगीकार गरिनेछ
- आवश्यक नीति, नियम तथा निर्देशिका बनाई संस्थागत विद्यालयहरुलाई व्यवस्थित गरिनेछ साथै विना अनुमति संचालनमा रहेका संस्थागत विद्यालयहरुलाई आवश्यक कारवाहीको प्रक्रिया अगाडि बढाईनेछ
- विद्यालय व्यवस्थापन समितिका पदाधिकारीहरुको क्षमता विकासका लागि आवश्यक कार्यक्रमहरु ल्याईनेछ ।
- सामुदायिक तथा संस्थागत विद्यालयहरुको सहभागितामा हाजिरी जवाफ, वक्तृत्वकला, नृत्य तथा गायन प्रतियोगिता र खेलकूद लगायतका क्षमता विकास तथा प्रतिभा प्रष्फुटन गराउने कार्यक्रमहरु संचालन गरिनेछ ।
- सामुदायिक विद्यालयमा अध्ययनरत छात्राहरुलाई निःशुल्क स्यानिटरी प्याड वितरण कार्यलाई निरन्तरता दिईनेछ ।
- माध्यमिक तह कक्षा (९– १२) मा अध्ययन गर्ने गरिब, दलित, अशक्त विधार्थीहरुलाईPTMमार्फत छात्रवृत्ति प्राप्त गर्ने विद्यालयहरुलाई अभिप्रेरित गरिनेछ ।
- सरकारी तथा सामुदायिक विद्यालयहरुमा अभिभावक तथा विधार्थीहरुको आकर्षण बढाउन कक्षा १ देखि १० सम्म अध्ययनरत विधार्थीहरुको परीक्षा शुल्क निःशुल्क गरिनेछ ।

- यस गाउँपालिकाको प्रत्येक वडाको १/१ वटा आधारभुत विद्यालयमा कक्षा १ देखि ३ सम्म अंग्रेजी माध्यमबाट पठन पाठनलाई निरन्तरता दिई आवश्यक भौतिक पूर्वाधार तथा जनशक्तिको व्यवस्था मिलाईनेछ।
- दलित तथा विपन्न बालबालिकाहरुको शैक्षिक स्तर बृद्धि गर्नको लागि प्रत्येक वडामा आवश्यकताको आधारमा टियुसन कक्षा संचालन गरिनेछ।
- ६ वटै वडामा रहेका हरवा चरवा परिवारका बालबालिकाहरुलाई प्रारम्भिक शिक्षाको व्यवस्था गरी विद्यालय सम्म पुऱ्याउने नितिलाई प्रथामिकताका साथ अबलम्बन गरिनेछ ।
- प्राविधिक शिक्षा तर्फ अध्यनरत दलित, जेहेन्दार,गरीब, सहिद परिवार, आन्दोलनका घाइते परिवार, हरवा चरवा परिवार समेतका छात्र/छात्राहरु लाई निः शुल्क पढन छात्रबृतिको व्यवस्था मिलाईनेछ।
- कक्षा कोठामा शिक्षकहरु लाई मोवाईल प्रयोग गर्न निषेध गरिनेछ। कक्षा कोठामा मोवाईल प्रयोग गर्ने शिक्षक लाई कार्वाहीको दाईरामा ल्याईनेछ। विद्यालयमा मोबाइल फोन तथा सुर्ति जन्य पदार्थ पूर्ण रुपमा निषेध गरिनेछ ।

**३.३ स्वास्थ्य सम्बन्धी नीति**

- आधारभुत स्वास्थ्य सेवामा आवश्यक साधन स्रोत, प्रविधि तथा सामग्री सहित पूर्वाधारको व्यवस्थापन गरिनेछ ।
- स्वास्थ्य संस्थाको प्रभावकारी सेवा प्रवाहका लागि नियमित तथा प्रभावकारी नियमनको व्यवस्था गरिनेछ।
- स्वास्थ्य बीमाको लागि स्वास्थ्य संस्था, सामुदायिक संस्था, विद्यालय, आमा समुहहरुको समन्वयमा स्वास्थ्य बीमा अभियानलाई प्रभावकारी बनाईनेछ ।
- स्वास्थ्य सेवामा सुधार ल्याउन स्थानीय, राष्ट्रिय तथा अन्तराष्ट्रिय विकास साझेदार संस्थाहरुसँग समन्वय गरिनेछ ।
- गाउँपालिकालाई शुन्य होम डेलिभरी (Zero Home Delivery) को रुपमा घोषणा गराउनका लागी स्वास्थ्य चौकीहरुका थप वर्थिङ्ग सेन्टर संचालन स्तरोन्नति गरिनेछ ।
- आङ खस्ने समस्या, पाठेघरको मुखको क्यान्सर, स्तन क्यान्सर तथा प्रोष्टेट लगायतका लागि स्वास्थ्य शिविर संचालन गर्दा स्थापित स्वास्थ्य सेवा प्रदायक संस्थाहरुसँगको समन्वय र सहकार्यमा गरिनेछ ।
- गुणस्तरीय औषधी र स्वास्थ्य सामग्रीको सहज तथा प्रभावकारी आपुर्ति एवं उपयोगलाई सुनिश्चित गरिनेछ।
- गुणस्तरीय एवं स्वास्थ्यबर्धक खाद्य पदार्थको प्रवर्द्धन, प्रयोग मार्फत कुपोषणलाई न्युनीकरण गरिनेछ
- विपन्न, सीमान्तकृत जातजाति, आदिवासी तथा दीर्घरोगीहरुलाई स्वास्थ्य उपचार सहायता दिईनेछ ।
- वैकल्पिक स्वास्थ्य सेवा पद्धति जस्तै आयुर्वेद आदि लाई संरक्षण तथा सम्बर्द्धन गरिनेछ ।
- गाउँपालिकाबाट उपलब्ध गराइने एम्बुलेन्स सेवामा सहुलियत दरमा एम्बुलेन्स सेवा उपलब्ध गराइनेछ । साथै बर्थिङ्ग सेन्टरमा सुत्केरी गराउने गर्भवतीका लागि घरदेखि बर्थिङ्ग सेन्टर तथा जिल्ला सम्म निः शुल्क एम्बुलेन्स सेवाको उपलब्ध गराइनेछ ।
- महिला स्वास्थ्य स्वयंसेविकाहरुलाई पूर्ण सरसफाई तथा पूर्ण खोप अभियान लगायतका अन्य सामाजिक गतिविधिमा समेत परिचालन गरिनेछ । महिला स्वास्थ्य स्वयंसेविकाको प्रोत्साहनको उचित व्यवस्था मिलाईनेछ ।
- लागुपदार्थ दुर्व्यसन नियन्त्रणका लागि स्थानीय संघसंस्थाहरुसँगको सहकार्यलाई निरन्तरता दिईनेछ ।
- गाउँपालिका भित्रको जेष्ठ नागरिक,अशक्त,असहायहरु लाई घरदैलो उपचार कार्यक्रम सञ्चालनलाइ निरन्तरता दिईनेछ ।

## २.३ खानेपानी तथा सरसफाई सम्बन्धी नीति

- गाउँपालिकाको सबै वडाहरुमा स्वच्छ तथा सुरक्षित खानेपानीको उपलब्धतामा जोड दिइनेछ । हरेक टोल बस्तीमा समर सियल बोर्डिङ्गको लागि आवश्यक व्यवस्था मिलाइनेछ ।
- खानेपानी, सरसफाई, तथा स्वच्छताका क्षेत्रमा स्थानीय नीति, कानुन तर्जुमा, तथ्यांक अध्यावधिक तथा व्यवस्थापन, रणनीतिक योजना निर्माण गरी पूर्ण सरसफाई अभियानलाई निरन्तरता दिईनेछ ।
- सुरक्षित खानेपानीमा सबैको पहुँच पुर्याउन पानी परीक्षण कार्यलाई प्रभावकारी बनाइनेछ ।
- विभिन्न संघ संस्थाहरुको साझेदारीमा विद्यालय खानेपानी तथा स्वच्छता कार्यक्रमलाई निरन्तरता दिईनेछ।
- रुपनी बजार, बिरेन्द्र बजार,कटैया ,बसबिट्टी लगायतका बजार क्षेत्रहरुमा नियमित सरसफाईको व्यवस्था मिलाईनेछ ।
- फोहोरमैलाको उचित व्यवस्थापन गर्न फोहोरमैला विसर्जन केन्द्रको निर्माण गरिनेछ ।
- सेफ्टी ट्याङ्की सेवा सहुलियत दरमा उपलब्ध गराईनेछ।
- पूर्ण सरसफाईलाई निरन्तरता दिइनेछ ।

## २.४ युवा तथा खेलकुद सम्बन्धी नीति

- स्थानीय विकासमा युवा सहभागिता अभिवृद्धि गर्दै सशक्तिकरण र विकासका लागि शिक्षा, स्वास्थ्य, रोजगारी लगायतका क्षेत्रमा विशेष अवसर प्रदान गरिनेछ ।
- खेलकूद तथा खेलाडीमा योजनाबद्ध लगानी गर्ने कार्यलाई निरन्तरता दिईनेछ ।
- विभिन्न खेलकूद प्रतियोगिता, खेलकूद सामग्री वितरण लगायत स्थानीय क्लब तथा विद्यालयहरु मार्फत खेलकूद कार्यक्रम संचालन गर्ने नीतिलाई निरन्तरता दिईनेछ ।
- 'युवाका लागि खेलकुद, राष्ट्रका लागि खेलकुद र स्वास्थ्यका लागि खेलकुद' भन्ने मूल नाराका साथ प्रत्येक वडामा खेलकुद सम्बन्धी पूर्वाधारको विकास गर्दै लगिनेछ र खेलकुदजन्य क्रियाकलाप सञ्चालन गरिनेछ । गाउँपालिका स्तरीय खेलकुद कार्यक्रमहरुलाई निरन्तरता दिइनेछ।
- गाउँपालिका स्तरीय खेलमैदान निर्माण गर्ने नीति लिइएको छ । विभिन्न खेलकुद प्रतियोगिता, खेलकुद सामाग्री वितरण लगायत स्थानीय क्लब तथा विद्यालयहरु मार्फत खेलकुद कार्यक्रम संचालन गर्ने नीतिलाई निरन्तरता दिइनेछ।

## २.५ लैंगिक समानता तथा सामाजिक समावेशीकरण सम्बन्धी नीति

- महिला विरुद्ध हुने सबै प्रकारका हिंसा, शोषण तथा विभेद र बहिस्करणको रोकथाम एवं नियन्त्रणका लागि कार्यक्रमहरु संचालन गरिनेछ ।
- महिलाहरुको सामाजिक, आर्थिक र राजनितिक अधिकारहरुको संरक्षण र सर्वद्रन गरिनेछ ।
- महिलाहरुको सीप विकास तथा क्षमता अभिवृद्धि गरी आर्थिक रुपमा आत्मनिर्भर बनाउने नीति अवलम्बन गरिनेछ ।
- महिलाको सहभागिता सम्बन्धमा विद्यमान प्रावधानहरु तथा योजनाहरुको उपभोक्ता समिति गठन हुदाँ पूर्णतः लागु गर्दै आएकोमा त्यसलाई निरन्तरता दिदै महिला मात्रको सहभागितामा उपभोक्ता समिति गठन गर्ने, महिला सहकारी वा महिला समुह मार्फत कार्यक्रम संचालन गर्नेतर्फ उत्प्रेरित गरिनेछ ।
- अपांगता भएका व्यक्तिहरुलाई अपांगता सहायक सामग्रीहरु वितरण गर्ने नीति लिईनेछ ।
- ज्येष्ठ नागरिकहरुको सम्मान गर्ने तथा निःशुल्क स्वास्थ्य परीक्षण गरिनेछ ।
- विद्यालय जाने उमेर वितिसकेका किशोरीहरुलाई अनौपचारिक शिक्षा तथा सिपमुलक तालिम मार्फत सशक्तिकरण गरिनेछ ।

- बालबालिका उपर हुने शारीरिक तथा मानसिक हिंसा विरुद्ध अभिभावकको सहभागितामा विद्यालय स्तरीय कार्यक्रम संचालन गरिनेछ ।
- मानव बेचविखन विरुद्धका दिवस, राष्ट्रिय बाल दिवस, महिला दिवस, किशोरी दिवस, ज्येष्ठ नागरिक दिवस र लैंगिक हिंसा विरुद्धको १६ दिने अभियान लगायतका दिवसहरु भव्यताका साथ मनाईनेछ
- हिंसा पिडित महिलाहरुलाई मनोसामाजिक परामर्श तथा पुनःस्थापनका लागि आवश्यक प्रवन्ध र साझेदारी गरिनेछ ।
- यस गाउँपालिकाको न्यायिक समितिमा आउने महिला हिंसा सम्बन्धि उजुरीहरु सुनुवाईका लागि महिलामैत्री वातावरण मिलाइनेछ ।
- यस गाउँपालिका भित्र भएका हरवाचरवाहरुको वास्तविक पहिचान तथा तथ्याङ्क संकलन गरी न्यायिक पुन स्थापना सहित निजहरुको शिक्षा स्वास्थ्य लगायक आवश्यक क्षेत्रहरुमा कार्याक्रमहरु ल्याईने छ।
- हरुवाचरुवाहरुको जिवनस्तर उकास्नको लागि आय आर्जन गर्न सक्ने सीपमुलक तालिम संचालन गरिनेछ।

**३. पूर्वाधार विकास सम्बन्धी नीति**

- आयोजनाहरुको वर्गीकरण गरी संघ र प्रदेश सरकारसँग आवश्यक पहल गरिनेछ ।
- पूर्वाधार विकासको लागि अल्पकालीन, आवधिक र दीर्घकालीन योजनाको सूची बनाई लागू गरिनेछ।
- अघिल्लो वर्ष गाउँपालिकाबाट संचालित तथा क्रमागत कार्यलाई निरन्तरता दिईनेछ ।
- सडक तथा सार्वजानिक बाटो, डगर अतिक्रमण गरी बनाईएका संरचनालाई हटाउदै लगिनेछ । गाउँपालिकाको केन्द्र र वडा जोड्ने सडकको चौडाई कम्तीमा ८ मीटर वडास्तरीय सडकहरु न्युनतम ४ मीटरको बनाईने नीतिलाई कडाइका साथ लागु गरिनेछ ।
- गाउँकार्यपालिकाको कार्यालय, वडा कार्यालय, स्वास्थ्य चौकी, बर्थिङ सेन्टर, विद्यालय भवन, सामुदायिक भवन जस्ता अत्यावश्यकीय भवन संरचनाहरुको निर्माण कार्यलाई उच्च प्राथमिकता दिईनेछ ।
- आम उपभोक्ताको लागत सहभागितामा ठोस संरचना निर्माण कार्यमा कम्तीमा १० प्रतिशत र माटो तथा ग्राभेल कार्यमा कम्तीमा १५ प्रतिशत नगद, श्रम र सामग्रीको योगदान जुटाई आयोजना संचालन गरिनेछ।
- उपभोक्ता समितिलाई आयोजनाको प्राविधिक पक्ष(डिजाइन, ईष्टिमेट, मापदण्ड, मर्मत संभार आदि) र व्यवस्थापकीय पक्ष(उपभोक्ता समिति परिचालन, खरिद प्रक्रिया, जिम्मेवारी बाँडफाँड, रकम निकासा, कार्ययोजना, सार्वजानिक परीक्षण तथा फरफारक आदि) विषयमा तालिम प्रदान गरी क्षमता अभिवृद्धि गरिनेछ ।
- निर्माण भइसकेका पूर्वाधार मर्मत गर्नुपर्ने अवस्थामा गाउँपालिकाले मर्मत संभार कोष स्थापना गरी प्राथमिकताका आधारमा मर्मत गर्नेछ । लक्षित वर्गको कार्यक्रम बाहेक अन्य आयोजनाबाट कन्टिन्जेन्सी वापत ३ प्रतिशत रकम कट्टा गरिनेछ ।
- बस्ती विकास, सहरी योजना तथा भवन निर्माण सम्बन्धी आधारभुत मापदण्ड, २०७२ लाई कार्यान्वयनमा निरन्तरता दिईनेछ ।
- पूर्वाधार निर्माण गर्दा महिलामैत्री, बालमैत्री, अपांगमैत्री तथा वातावरणमैत्री नीति लिइनेछ ।
- भूमिहीन दलित, भूमिहीन सुकुम्बासी र अव्यवस्थित बसोबासीहरुको लगत संकलन गरी राष्ट्रिय भूमि आयोगसँगको समन्वय र सहकार्यमा समुचित व्यवस्थापनमा पहल गरिनेछ ।
- रुपनी बजार तथा विरेन्द्र बजारलाई आधुनिक तथा स्मार्ट सिटीको रुपमा विकास गर्न संघ तथा प्रदेश सरकार समक्ष आवश्यक पहल गरिनेछ ।
- रुपनी गाउँपालिका भित्रका मुख्य सडक तथा चोकहरुमा सडक बती जडान गरिनेछ ।

- यस गाउँपालिका भित्रका वस्तीहरुलाई समेटने गरी रिङ्ग रोड को परिकल्पना गरे अनुरुप गाउँपालिका भित्रका आवश्यक पुर्वाधार निर्माण कार्यलाई निरन्तरता दिइनेछ ।
- नदी कटान रोक्न किनारमा वायो इन्जिनियरिङ्ग (Bio-Engineering Technology) अवलम्बन गरिनेछ ।
- यस गाउँपालिका भित्र रहेको अतिक्रमित सार्वजनिक, ऐलानी जग्गाहरु पालिका मातहत ल्याई सो जग्गाको संरक्षण सम्बर्द्धन तथा आवश्यक प्रयोगमा ल्याईनेछ।
- स्थानिय गौरवका आयोजनाहरुको पहिचान गरि सोको निर्माणमा जोड दिइनेछ ।
- सार्वजनिक सडकमा आवगमन अवरोध हुने गरी कुनै पनि कार्य गर्न नपाइने नीतिलाई प्रभावकारीताका साथ लागू गरिनेछ ।
- गाउँपालिकाका पुराना, रुग्ण र जीर्ण पोखरीको मर्मत सम्भार तथा संरक्षण गरिनेछ । ऐलानी पर्ति जग्गा, सार्वजनिक बाटो तथा डगर, सार्वजनिक गौचरण, नदि कटानबाट उकास भएको जग्गा, सार्वजनिक पोखरीका डिलहरुको सिमांकन गरि रेकर्ड राख्ने तथा संरक्षण गर्ने कार्य गरिनेछ।

**४. उर्जा तथा सिंचाइ सम्बन्धी नीति**

- सडकका पोलहरुमा बत्ति जडान तथा सोलार सडक बत्ति जडान कार्यलाई प्राथमिकता दिईनेछ ।
- स्थानीय स्तरमा उपलब्ध हुन सक्ने बैकल्पिक उर्जाका स्रोतहरुको पहिचान गरी बायो ब्रिकेट, होम सोलार सिस्टम, सुधारिएको चुल्हो, सामुदायिक बायोग्यास प्लान्ट जस्ता कार्यक्रमहरु संचालन गर्दै प्राकृतिक स्रोत साधनको प्रयोग र व्यवस्थापन गरिदै लगिनेछ ।
- विधुत प्राधिकरण सँग समन्वय गरी सडक तथा अन्य क्षेत्रमा अव्यवस्थित रुपमा रहेको विधुतीय तार पोलको उचित व्यवस्थापन गरिनेछ ।
- गाउँपालिकाका सबै क्षेत्रमा आवश्यक सिंचाइको प्रबन्ध गरी जमिन बाँझो रहने व्यवस्थाको अन्त्य गरिनेछ । विजुली तथा तारपोल, पैनीको पहुँच नपुगेको कृषियोग्य जमिनका लागि भूमिगत सिँचाई आयोजनाहरु संचालन गरिनेछ।
- उपयोग विहिन सार्वजनिक जग्गा, सडक तथा राजमार्गका किनारा, नदि उकासबाट प्राप्त जमिन, चुरे क्षेत्रमा अभियानको रुपमा फलफूल र अन्य उपयुक्त खेति गर्न निजि, सहकारी र सामुहिक संघ संस्थालाई प्रोत्साहित गर्दै सिचाईको व्यवस्था गर्दै लगिनेछ।

**५. सूचना प्रविधि सम्बन्धी नीति**

- विद्युतीय हाजिरी, ग्रुप एसएमएस, इन्ट्रानेट, इन्टरनेट जस्ता सुचना प्रविधि प्रवद्धन गरी सेवा प्रवाह विद्युतीय प्रणालीमा आधारित चुस्त र दुरुस्त बनाईनेछ ।
- गाउँपालिका, वडा कार्यालय र विषयगत शाखाबाट सम्पादित कृयाकलापहरु वेबसाईट, मोवाईल एप्स र सामाजिक संजालहरुबाट नियमित रुपमा सार्वजानिक गरिनेछ ।
- सूचना प्रविधिको प्रयोगमा सूचना सुरक्षा एवं तथ्यांक गोपनीयता (Information Security And Data Protection) लाई सुदृढ गरिनेछ ।
- सार्वजानिक सुचनाको प्रवाह, सार्वजानिक सुनुवाई र सार्वजानिक परीक्षण जस्ता कार्यलाई प्रभावकारी रुपमा अघि बढाईनेछ ।
- टोल फ्री नम्बर र अडियो नोटिस बोर्डको संचालन गरिनेछ ।
- योजना तथा दर्ता/चलानी सफ्टवेयर Web Based Online व्यवस्थित गरिनेछ ।
- सूचना अभिलेख केन्द्रको स्थापना गरी संचालनमा ल्याउनेछ ।
- सेवा प्रवाहलाई थप प्रभावकारी बनाउन डिजिटल नागरिक वडा पत्रको व्यवस्था गरिनेछ ।

**६. वातावरण तथा विपद् व्यवस्थापन सम्बन्धी नीति**

- बाढी, आगलागी, हुरीबतास, असिना, चट्याङ जस्ता प्रकोपबाट हुने क्षति न्युनीकरण गरिनेछ र गाउँपालिकाको विपद् व्यवस्थापन कोषबाट विपदमा परेका घर परिवारलाई राहत उपलब्ध एवं क्षतिग्रस्त बाटो, पैनी आदि तत्काल मर्मत संभार गरिनेछ। विपद् व्यवस्थापन कोष संचालन कार्यविधिका आधारमा विपद्को पूर्व तयारी, रोकथाम, उद्धार, राहत तथा पुनस्थापनाका कार्यहरु संचालन गरिनेछ ।
- विकासका कार्यहरु संचालन गर्दा वातावरणमैत्री तथा जलवायु परिवर्तनसँग अनुकुलित हुने गरी संचालन गरिनेछ ।
- नदी किनारमा बाँस रोपण गर्ने साथै सडक किनारमा वृक्षारोपण कार्यलाई अघि बढाईनेछ । जलप्रवाहको उच्च जोखिमयुक्त क्षेत्रमा बाँध तथा तटबन्ध निर्माणको कार्य गर्न संघ तथा प्रदेश सरकारसँग आवश्यक पहल गरिनेछ ।
- गाउँपालिकाका पुराना, रुग्ण र जीर्ण पोखरीको मर्मत, संभार तथा संरक्षण गरिनेछ । ऐलानी, पर्ती जग्गा, सार्वजनिक बाटो, डगर, सार्वजनिक गौचरण, नदी कटानबाट उकास भएको जग्गा, सार्वजनिक पोखरीका डिलहरुको सीमांकन गरी रेकर्ड राख्ने तथा संरक्षण गर्ने कार्य गरिनेछ ।
- गाउँपालिका क्षेत्रमा घर निर्माणलाई वृक्षारोपणसँग जोडेर लैजाने नीति लिईनेछ ।
- प्लाष्टिकजन्य सामग्री लगायत वातावरण प्रदूषित गर्ने दैनिक प्रयोगका सामग्रीको प्रयोगलाई निरुत्साहित गरिनेछ ।
- स्थानीय विपद तथा जलवायु उत्थानशील योजना तर्जुमा कार्यन्वयन गरिनेछ ।

७. <u>संस्थागत विकास तथा सुशासन सम्बन्धी नीति</u>

- संगठन संचना तथा शाखा अनुसार आवश्यक दरबन्दी परिपुर्तिका लागि पहल गरिनेछ ।
- सेवा प्रवाह नियमित तथा सेवा प्रवाहमा विधुतीय शासनको प्रयोग गर्ने नीति लिईनेछ ।
- सबै शाखा तथा कर्मचारीहरुको स्पष्ट कार्यविवरण निर्धारण गरि लागु गरिनेछ ।
- उत्कृष्ट कर्मचारी तथा शिक्षकहरुको ज्येष्ठता, ईमान्दारिता, कार्यक्षमता, कार्यकुशलता तथा कार्यसम्पादन स्तरलाई आधार मानी मूल्यांकन गरिनेछ र त्यस्ता कर्मचारी छनौट गरी पुरस्कृत गरिनेछ।
- पद अनुसार निर्वाह गर्नुपर्ने पदीय दायित्व निर्वाह नगर्ने स्थायी तथा करार ज्यालादारी कर्मचारी शिक्षक कानुन सम्बत कार्वाही प्रक्रियामा ल्याईनेछ।
- आफ्नो अधिकार क्षेत्रका बिषयमा आवश्यक ऐन, नियम, विनियम, निर्देशिका तथा कार्यविधि तर्जुमा गरी प्रभावकारी रुपमा जानकारी तथा कार्यान्वयन गर्ने नीति लिईनेछ ।
- कार्यविधि बनाई सेवाग्राही सन्तुष्टी मापण गरिनेछ ।
- समयमा पेश्की फछ्यौंट गर्न/गराउन तथा बेरुजु असुल उपर गर्न/गराउन प्रभावकारी नीति लिईनेछ
- टोल विकास संस्था तथा टोल सुधार समिति गठन तथा परिचालन गरिनेछ ।
- गाउँपालिकाका गतिविधिहरु तथा गाउँपालिकाले सम्पादन गरेका कार्यहरु तथा गाउँसभा, गाउँकार्यपालिका र न्यायिक समितिका बैठकबाट भएका निर्णयहरु सार्वजनिक गरिनेछ ।
- सूचनाको हक सुनिश्चित गर्न सूचना माग्ने र सूचना दिने पद्धतिलाई थप सहज र प्रभावकारी बनाईनेछ ।
- म्याद गुज्रेका औषधी, खाद्यपदार्थ एवं पेय पदार्थबाट मानव स्वास्थ्यमा हुने हानीलाई रोक्न बजार अनुगमनको लागि पहल गरिनेछ ।
- योजना कार्यान्वयन तहमा पारदर्शिता कायम गर्न ठेक्का पट्टामा विधुतीय प्रणाली (E-Bidding) प्रयोगमा जोड दिनुका साथै आयोजना सूचना पाटीको प्रभावकारी कार्यान्यवन गरिनेछ ।

- न्यायिक समितिको कार्यसम्पादनलाई नागरिकले न्यायको अनुभुति गर्न पाउने गरी थप प्रभावकारी बनाइनेछ । न्यायिक समितिको पदाधिकारीहरुको क्षमता विकासको लागि आवश्यक तालिमको प्रबन्ध गरिनेछ ।
- यस गाउँपालिकाबाट हालसम्म भएका मुख्य मुख्य उलब्धीहरुलाई आम नागरिकहरुमा सञ्चार गराउन पुस्तक तथा डकुमेन्ट्रीको रुपमा प्रकाश गरिनेछ ।
- सुशासन कायम गर्न लाईभ बैठक सार्वजानिक सुनुवाई,सार्वजानिक परिक्षण, सामाजिक परिक्षण तथा नागरिक सन्तुष्टि सर्वेक्षण जस्ता सुशासनका उपकरणहरुको प्रयोगमा जोड दिइनेछ ।
- गाउँपालिकाद्वारा निःशुल्क रुपमा संचालन गरिएको नागरिक सहायता कक्ष (Help Desk) लाई थप व्यवस्थित गरिनेछ।
- सघीय तथा प्रदेश सरकारले व्यवस्था गरे अनुरुप रुपनी गाउँपालिकामा कार्यरतकर्मचारीले हाल प्रास गरिरहेको महङ्गी भत्तालाई निरन्तरता दिदैं शुरू स्केलमा १० प्रतिशत तलब वृद्धि तथा कार्यसम्पादनमा आधारित पारिश्रमिक नयाँ तलबमानको १० प्रतिशत मासिक प्रोत्साहन भत्ता सहित गाउँपालिका अन्तर्गत कार्यरत करार/ज्यालादारी कर्मचारीहरुको समेत तलब वृद्धि सहित महगी भत्ताको व्यवस्था गरिनेछ ।
- LGPAS, पालिका सुशासन, आवधिक योजना, पर्यटन गुरुयोजना, सडक गुरुयोजना, स्थानीय कला संस्कृति र पुरातात्विक सम्पदाको अभिलेख, MTEF, बालमैत्री, पोषण मैत्री पालिका घोषणा गर्न आवश्यक पर्ने दस्तावेजहरु अध्ययन र अनुसन्धान मार्फत तयार गरिनेछ ।
- न्यायिक समिति सम्बन्धी कामकार्वाही, अन्य पालिकाको सेवा प्रवाह, संस्थागत विकास राजस्व संकलन, कृषि सम्भावयता अध्ययन र विकास व्यवस्थापन सम्बन्धी अध्ययन अनुसन्धन गर्न कार्यक्रमको व्यवस्था गरिनेछ ।

## ८. वित्तिय व्यवस्थापन सम्बन्धी नीति

- आन्तरिक आय बैज्ञानिक ढंगले प्रक्षेपण गरी सोही अनुसार करको दर र दायरामा बृद्धि गर्दै लगिनेछ ।
- व्यवसायीहरुको तथ्यांक संकलन गरी व्यवसाय दर्ता प्रक्रिया अगाडि बढाईनेछ ।
- संघीय तथा प्रदेश सरकारको अनुदान र आन्तरिक आयलाई योजनाको कार्यविधि अनुसार प्रभावकारी रुपमा परिचालन गरिनेछ ।
- आन्तरिक पर्यटनबाट आय बृद्धि गर्ने स्पष्ट खाका तयार गरिनेछ ।
- विकास साझेदारको सहयोग रकम प्राथमिकताका क्षेत्रमा परिचालन गर्न सहयोग गर्न सहजीकरण गर्ने र उनीहरुको योजना गाउँपालिकाको वार्षिक योजनामा समावेश गरिनेछ ।
- सहकारी क्षेत्रलाई यस ठाँउको आर्थिक विकासको महत्वपूर्ण खम्बाको रुपमा विकास गर्न सहकारी संस्थाहरुको स्थापनालाई जोड दिइनेछ । कृषि, उद्योग र व्यवसायको सहकारीकरणको माध्यमबाट आत्मनिर्भर र दिगो रुपमा स्थानीय अर्थतन्त्रको निर्माण गरिनेछ ।
- सरकारी तथा सहकारी साझेदारीमा संचालित कार्यक्रमहरुलाई प्राथमिकता दिइनेछ ।
- सहकारी शिक्षा, तालिम र सूचनालाई व्यापक र प्रभावकारी बनाउन गाउँपालिकाको सम्बन्धित निकाय तथा सहकारी संघ संस्थाहरुलाई प्रभावकारी ढंगले परिचालन गरिनेछ । सदस्यहरुको चेतना अभिवृद्धि गर्न र व्यवस्थापन क्षमता बढाउन सहकारी अनुशिक्षण र तालिमलाई अनिवार्य गरिंदै लगिनेछ ।
- सहकारीहरुको संस्थागत क्षमता अभिवृद्धि गर्नको लागि अनुदानको व्यवस्था गरिनेछ।

## ९. सुरक्षित नागरिक आवास निति:

- आ.व. ०८३/०८४ भित्र यस गाउँपालिका भित्रका परालको घरहरुलाई जस्ताको छाना लगाउने कार्यका लागि आवश्यक पहल गरिनेछ ।

## १०. बहुक्षेत्रीय पोषण कार्यक्रम

- बहुक्षेत्रीय पोषण कार्यक्रमलाई निरन्तरता दिदै कुपोषणलाई न्यूनीकरण तर्फ जोड दिइनेछ ।
- पोषण प्याकेज सम्बन्धी विभिन्न पोषण युक्त खाद्यसामग्रीहरु वितरण गरिनेछ ।

## ११.उपभोक्ता हित संरक्षण

- रुपनी गाउँपालिकाको बजार अनुगमन निर्देशिका जारि गरि बजार अनुगमनलाई सुरुवात गरिनेछ ।
- उपभोक्ता हितसंग सम्बन्धित सचेतनामुलक कार्यक्रमहरु अभियानको रुपमा संचालन गरिनेछ ।

## १२.पंजीकरण तथा सामाजिक सुरक्षा

- सामाजिक सुरक्षा भात्ता पाउने लाभग्राहीको विवरण प्रविधिमैत्री बनाउनुका साथै भत्ता रकम समयमै सर्वसुलभ र सरल ढंगले वितरण गर्ने व्यवस्था मिलाइनेछ । जनप्रतिनिधि ,बैंक तथा वितिय संस्थाहरुलाई लाभग्राही नागरिकहरुको नजिक पुर्याइने खालका कार्यक्रम ल्याइनेछ ।

अन्त्यमा,

यस नीति तथा कार्यक्रम तर्जुमाका लागी सल्लाह सुझाब र सहयोग गर्नुहुने गाउँसभा सदस्यहरु, बिषयगत समितिका पदाधिकारीहरु, राष्ट्रसेवक कर्मचारीहरु, राजनितिक दल, पत्रकार, संघ संस्थाहरु सबैलाई धन्यवाद दिदै नीति, कार्यक्रम कार्यान्वयनमा समेत सृजनात्मक, सकारात्मक तथा रचनात्मक सहयोगको अपेक्षा सहित कार्यान्वयनमा लाग्न हार्दिक अपिल गर्दै रूपनीवासीहरूको आर्थिक र सामाजिक विकासमा प्रत्यक्ष योगदान पुग्नेछ भन्ने विश्वास लिएको छु ।

**धन्यवाद**

पुष्पा कुमारी श्रेष्ठ लौगी
उपाध्यक्ष
२०८३ असार ०५ शुक्रवार